| |
|---|
| ऐन नं.:- |
| प्रमाणिकरण गर्ने |
| ............................ |
| श्री भरत कुमार थापा |
| नगर प्रमुख |
| प्रमाणिकरण मितिः २०७७/०३/२५ |

भरत कुमार थापा
प्रमुख

## बागमती नगरपालिको वन ऐन २०७७

नगर सभाबाट स्वीकृत मितिः २०७७/०३/२५

**प्रस्तावनाः**

यस बागमती नगरपालिका भित्र पर्ने वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधनको संरक्षण, विकास र दिगो व्यवस्थापन गर्दै वनको परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका समुदाय लगायत त्यस्तो वनक्षेत्रमा आश्रित एवं त्यस्तो वनक्षेत्रबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभाम्वित वनदेखि टाढाका समुदाय समेतको वन व्यवस्थापन र लाभको बाँडफाडमा पहिचान, प्रतिनिधित्व र पहुँच सहितको अधिकारलाई संरक्षण गर्दै, नेपालको संविधानमा उल्लेखित वनमाथिको स्थानीय समुदायको अग्राधिकारलाई व्यवहारिक रूपमा प्रत्याभूत गराउदै वनको दिगो व्यवस्थापन, दिगो संरक्षणमा जिम्मेवारी तुल्याउदै वन श्रोतबाट अधिकतम लाभ उठाई लाभको न्यायोचित वितरणको माध्यमबाट यस बागमती नगरपालिकाका बासी स्थानीय समुदायको आर्थिक, सामाजिक, पर्यावरणीय र भौतिक लगायतका स्थानीय विकासको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आर्थिक सम्बृद्धी एवं दिगो विकासको लक्ष्य प्राप्त गर्न थप योगदान पुर्याउन वनको व्यवस्थापन, उपयोग सम्वन्धि स्थानीय वन व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यस बागमती नगरपालिकाले वन ऐन २०७७ बनाई नगरपालिकाको नगर सभाबाट मिति २०७७/०३/२५ स्वीकृत गरी लागु गरेको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः—**

१) यस ऐनको नाम "बागमती नगरपालिकाको वन ऐन २०७७" रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

भरत कुमार थापा
प्रमुख

२. परिभाषाः— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

क) "स्थानिय सरकार" भन्नाले बागमती नगरपालिकाको नगर कार्यसमिति भन्ने सम्झनु पर्छ ।

ख) "नगरसभा" भन्नाले बागमती नगरपालिकाको नगरसभा भन्ने सम्झनु पर्छ ।

ग) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको विद्यमान अवस्थामा रहेको सामुदायिक वन, धार्मिक वन, शहरी वन, साझेदारी वन, ग्रामिण वन, कृषि वन, कबुलियत वन, परम्परागत रुपमा संरक्षित वन, वृक्षारोपण, सीमसार क्षेत्र, प्रथाजनित रूपमा व्यवस्थापन गरिएको वन र पारिवारिक—निजि वन समेतलाई सम्झनु पर्छ ।

घ) "बागमती नगरपालिकाको वन ऐन २०७७" भन्नाले यस बागमती नगरपालिकाको नगरसभाले पारित गरेको स्थानीय वन ऐन २०७७ सम्झनुपर्दछ ।

ङ) "प्राकृतिक स्रोत साधन" भन्नाले जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि जस्ता प्राकृतिक रूपमा प्राप्त श्रोत साधनलाई सम्झनु पर्छ ।

च) "परम्परागत रूपमा संरक्षण, भोगचलन" भन्नाले पुस्तौं—पुस्तादेखि परम्परागत ज्ञान, सीप र विधिबाट वनको व्यवस्थापन, संरक्षण, विकास तथा त्यस्तो वनबाट प्राप्त हुने वन पैदावारहरूको सदुपयोग वा भोगचलनको निरन्तरतालाई सम्झनु पर्छ ।

छ) "वनमाथिको पहँुच" भन्नाले स्थानिय सरकारको निर्देशन र नियन्त्रणमा रहि यस नगरका बासी वनको संरक्षण र व्यवस्थापनमा सहभागि हुने र निर्णय लिने, वनबाट प्राप्त हुने वनपैदावारलाई प्राप्त गर्ने, सदुपयोग वा भोगचलन गर्ने, वनक्षेत्रमा निर्वाध रूपमा प्रवेश र आवतजावत गर्ने अधिकारलाई सम्झनु पर्छ ।

ज) "वनमाथिको स्वामित्व" भन्नाले परम्परागतरूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तर रूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्रसँग सम्बन्धित समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

झ) "वन अधिकार" भन्नाले परिच्छेद २ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनु पर्छ ।

ञ) "स्थानीय वन परिषद" भन्नाले दफा १३ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

नगर कार्यपालिकाको कार्यालय बागमती नगरपालिका कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३

भरत कुमार थापा
प्रमुख

ट) "स्थानीय समुदाय" भन्नाले नगरवासी वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

ठ) "अन्य समुदाय" भन्नाले सामुदायिक वनबाट प्राप्त हुने वनपैदवार आफ्नो घर परिवारको जीविकोपार्जनको लागि कुनै न कुनै रुपले सदुपयोग गर्दै आईरहेको, वन पैदवारको लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एवं लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवार र समुदायलाई सम्झनु पर्दछ ।

ड) "अधिकारवाला" भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुने व्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

ढ) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

ण) "वन पैदावार" भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा, लाहा, पिपला, पिपली, वा रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँ र सबै प्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वाचट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वापशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटोपहार सम्झनु पर्छ ।

त) "सामुदायिक वन" भन्नाले संघिय वन ऐन, २०७६ को परिच्छेद ५ दफा १८ बमोजिम समुदायद्धारा संरक्षण तथा व्यवस्थापन हुने गरेको वन लगायत कबुलियती वन, धार्मिक वन, परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वनसमेतलाई सम्झनु पर्छ ।

थ) "पारिवारिक निजी वन" भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

द) "परम्परागत उपभोक्ता" भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार स्थानिय मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दै आएका समुदायलाई सम्झनुपर्दछ ।

भरत कुमार थापा
प्रमुख

५) तोकीय बमोजिमको अन्य लाभ

ल) "विरुवा" भन्नाले फलफूल जन्य, काठ जन्य, औषधी जन्य, १ वर्ष भन्दा बढी अवधी रहने विरुवालाई सम्झनु पर्छ ।

## परिच्छेद २

## वनको स्वामित्व, वन अधिकार र दायित्व

**३. वन ऐन २०७६ को अधिनमा रही स्थानिय सरकारले आफ्नो क्षेत्राधिकार भित्रको परिवारिक तथा निजि वन बाहेक अन्य वनको स्वामित्व प्राप्त गर्नेः—**

१) परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको राष्ट्रिय वनको कुनै भाग तोकिए बमोजिम सामुदायिक वनको रूपमा स्वामित्व प्राप्त गर्ने र त्यस्तो वनको दिगो वन व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारको निर्देशन र नियन्त्रण समुदायलाई हुनेछ ।

२) उपदफा (१) बमोजिमको वन क्षेत्र स्थानीय सरकारको अनुमती बेगर सदस्यहरु बाहेक अन्य व्यक्ति, कम्पनी वा समुदायलाई दिन पाईने छैन ।

३) उपदफा (१) बमोजिमको वन क्षेत्रमा सार्वजनिक हितको लागि स्थानीय समुदायको हितमा असर नपर्ने गरी स्थानीय सरकारको पूर्व स्विकृति र समुदायको आमसहमतिमा स्थानीय सरकारले प्रयोगमा ल्याउन उपदफा (२) को व्यवस्थाले कुनै वाधा पुगेको मानिने छैन ।

४) उपदफा (३) बमोजिम सामुदायिक वनलाई अन्य प्रयोजनकोलागि प्रयोगमा ल्याउँदा स्थानिय सरकारले पर्न गएको सामाजिक, आर्थिक, भौतिक, जैविक विविधताको क्षति समेतको विचार गरी उचित क्षतिपूर्ति स्थानिय सरकारले सम्बन्धित पक्षबाट भराउने छ ।

**४. वनमा स्थानीय समुदायको अधिकारः—**

१) वनमा समुदायिक रूपमा स्थानीय समुदायले नगरपालिकाको स्विकृतीमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन् ।

क) स्थानीय समुदाय एक आपसमा भेला भई दफा १(ग) गठीत वनका समितिहरुले आफ्नो क्षेत्रको वनको दीगो व्यवस्थापन, जैविक विविधताको संरक्षण, संम्बर्द्धन, प्रवद्र्धन, वनपैदावरको विकास र उपयोग गर्नका लागि वन व्यवस्थापन समूह गठन गर्ने,

ख) स्थानिय सरकार र दफा १(ग) बमोजिम गठीत वन समितिलाई वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने,

कमला नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३

भरत कुमार थापा
प्रमुख

ध) "परम्परागत जीवन पद्धति" भन्नाले परापूर्व कालदेखि स्थानिय मौलिक परम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झिनु पर्दछ ।

न) "सामुदायिक वनको स्वामित्व" भन्नाले यस नगरका नगरवासीले वनको हैसियत नखस्किने गरी संरक्षण, व्यवस्थापन र लाभ प्राप्त गर्ने गरी समुदायले प्राप्त गर्ने वनमाथिको समुदायको सामूहिक स्वामित्वलाई जनाउने छ ।

प) "सामुदायिक वन उपभोक्ता समुह" भन्नाले स्थानिय नगरवासी सामुदायिक वनको संरक्षण, व्यवस्थापन, भोगचलन र प्रयोगको लागि सम्बन्धित वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित, लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण वर्ग, लिङ्ग, जाति र घरधुरीको अनिवार्य प्रतिनिधित्व हुने गरी गठन हुने उपभोक्ता समुहलाई सम्झनु पर्छ ।

फ) "सामुदायिक वन उपभोक्ता समिति" भन्नाले समुदायिक वन उपभोक्ता समुहको साधारण सभाले चयन गरेको कार्य समितिलाईजनाउने छ ।

ब) "वनश्रोत" भन्नाले कुनैपनि व्यवहारिक, व्यावसायीक, सामाजिक, धार्मिक, मनोरञ्जन, शैक्षिक, निर्वाहमुखी, वा सामुदायिक वनमा रहेको वनस्पति, जीव, र अन्य सुक्ष्म जीवहरू लगायत माथि तोकिएको वन क्षेत्रमा रहेको अन्य सम्भावित मानविय प्रयोगमा आउने वनश्रोत समेतलाई जनाउने छ ।

भ) "उद्योग" भन्नाले स्थानिय सरकारको अनुमती सिफारीस वा निर्देशनमा रही संचालन भएको लघु, घरेलु, साना, मझौला र ठूला उद्योग सम्झनु पर्छ ।

म) "सम्बन्धित अधिकारी" भन्नाले यस ऐन र प्रचलित कानून बमोजिम कर्तव्य निर्वाह गर्ने अख्तियारप्राप्त अधिकारी सम्झनु पर्दछ ।

य) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमहरूमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

र) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणाली वाट प्राप्त हुने तपसिल वमोजिमको सेवा तथा लाभ सम्झनु पर्छ ।

१) कार्वन,

२) जैविक विविधताको संरक्षण,

३) जलचक्र प्रणाली,

४) पर्यपर्यटन,

ग) वनक्षेत्रमा रहेको खानेपानी तथा सिंचाईको मुहान लगायत प्राकृतिक श्रोत साधन र वनपैदावारहरू प्राप्त गर्न स्थानिय सरकारको नियन्त्रण र निर्देशनमा रही वन समितिले नियम बनाई तोकेकोमा बाहेक विना अवरोध वनक्षेत्रमा आवत जावत गर्ने, वनक्षेत्रमा व्यवस्थित चरीचरण गर्ने,

घ) वन समितिहरुका वनबाट लक्षित समूह भित्र दाउरा, घाँस, सोत्तर, काठ जस्ता लक्षित समूहको उद्देश्य अनुसार दैनिक आधारभूत आवश्यकता पुरा गर्ने र बढी भएका वनपैदावारको स्थानिय सरकारको स्वीकृती लिई मूल्य निर्धारण गरी बिक्री वितरण गर्ने,

ङ) विभिन्न उद्देश्यका वन समितिहरुका वनक्षेत्र भित्रको खोला, पानीको मुहान, कार्बन संचितिकरण तथा भण्डारण लगायत वातावरणीय सेवा बापतको लाभ लक्षित समूह प्राप्त गर्ने,

च) वनश्रोतको उपयोगबाट स्थानीय समुदायको सामाजिक, सांस्कृतिक र धार्मिक तथा आर्थिक आवश्यकताको पूर्ति गर्ने, गरिबी निवारणमा टेवापुर्याउने र उद्देश्य अनुसार विकास गर्ने,

छ) स्थानिय सरकारलाई सहयोग पुग्ने गरी वनक्षेत्र भित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा राख्ने,

ज) लक्ष्य अनुसार गठित वनलाई निरन्तर रूपमा संरक्षण, व्यवस्थापन र निरन्तरता दिने।

झ) स्थानिय सरकारको स्वीकृतीमा सामुदायिक, धार्मिक, शहरी, साझेदारी, ग्रमीण, कृषी र कबुलियत लगायत वनको व्यवस्थापनको लागि सामुदायिक वन उपभोक्ता समुह समेत, सामुदायिक वन उपभोक्ता समिति र आवश्यकता अनुसारको उपसमितिहरू गठन गर्ने र त्यस्तो समिति उपसमितिको काम कर्तव्य र अधिकारहरू तोक्ने,

ञ) वन समितिहरुको वन व्यवस्थापनको लागि आवश्यक कार्ययोजना बनाई स्थानिय सरकालाई जानकारी गराई लागू गर्ने, गराउने,

ट) वन व्यवस्थापन र अन्य कार्यहरूबाट प्राप्त हुने लाभ प्राप्त गर्ने र त्यस्तो लाभ वनको विकास, गरिबी न्यूनीकरण, महिला, आदिवासी जनजाति, दलित लगायतका आर्थिक सामाजिक रूपमा पिछडिएको समुदायको क्षमता विकास, युवा तथा बालबालिकाको उत्थान, स्थानीय सामुदायिक तथा सांस्कृतिक विकास आदिमा बाँडफाड र प्रयोग गर्ने,

ठ) वन संरक्षण, विकास र व्यवस्थापनका लागि स्थानीय सरकारले प्रादेशीक सरकार र संघीय सरकारबाट आवश्यक सहयोग र बजेट प्राप्त गर्ने तथा सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने,

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३
भरत कुमार थापा
प्रमुख

ड) उपभोक्ता समुहले आवश्यकता अनुसार स्वतन्त्र रुपले सरकारी, गैरसरकारी, निजी क्षेत्र र विज्ञहरूबाट सेवा र अनुदान लिन सक्ने,

ढ) वनको व्यवस्थापन, संरक्षण र समुदायको सामुदायिक लाभ र जीविकोपार्जनमा सहयोग पुर्याउने कार्यको लागि सामुदायिक वन क्षेत्र वा सामुदायिक, धार्मिक लगायत वनको दर्ता प्रमाणपत्र, वन पैदावर, वनश्रोत, वन कार्ययोजना, उपभोक्ताले वनमा उत्पादन गरेको उत्पादन, वनमा आधारित उपभोक्ता समुहले संचालन गरेको उद्योग आदिलाई बैंक वा वित्तिय संस्थामा धितो सुरक्षण राखी आवश्यक ऋण लिई दीगो वन व्यवस्थापन र वन उद्यम विकास गर्ने सक्ने छ सो कार्यका निमित्त स्थानिय सरकारको अनुमती लिनु पर्ने छ।

ण) वनसंग सम्बन्धित परम्परागत पेशा, अभ्यास, अनुभव, ज्ञान, सीप, दक्षताहरूको पहिचान गरी संरक्षण, आधुनिकीकरण, औद्योगिकीरण र बजारीकरणका लागि चाहिने वन पैदावरजन्य कच्चा पदार्थहरू स्वतन्त्रतापूर्वक प्राप्त गर्ने र उत्पादित बस्तुलाई उपभोग गर्ने र बजारमा बिक्रि बितरण गरी लाभ प्राप्त गर्न सक्ने छ, सो कार्य गर्नु पुर्व स्थानिय सरकारको स्वीकृती लिनु पर्ने छ ।

त) वनलाई समय सापेक्षित रूपमा स्थानीय समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउने पर्यावरण, कृषि वन, पशुपालन, वन्यजन्तु पालन, जडिबुटी, उद्यम, चिडियाखाना जस्ता वन उद्यम सम्बन्धी कृयाकलापहरू संचालन गरी लाभ प्राप्त गर्ने,

थ) वनको दीगो व्यवस्थापनद्वारा वन क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्दै सामुदायिक लगायत लक्ष्य अनुसारका वनक्षेत्रमा काठ र गैर काठजन्य वनपैदावारको उत्पादन गर्ने, वन पैदावारको अधिकतम उपयोगबाट साना, मझौला तथा ठुला खाले उद्यम लक्षित समूह आफैले वा तेस्रो पक्षसंग सम्झौता गरी संचालन गर्न सक्नेछ र त्यस्तो उद्यमले वनको दिगो संरक्षण र व्यवस्थापनको साथै नगरवासी तथा स्थानीय समुदायको आर्थिक उन्नतीमा टेवापुऱ्याउने काम गर्ने छ, तर तेस्रो पक्षसँग सम्झौता गर्नु पर्ने भएमा स्थानयि सरकारको अनुमती लिनु पर्ने छ।

द) वनश्रोतको शुल्क निर्धारण गरी असुल उपर गर्ने शुल्कछुट वा मिनाहा दिदाँ स्थानयि सरकारको स्वीकृती लिनु पर्ने छ ।

ध) वनको हैसियतमा नकारात्मक असर नपुग्ने गरि वनश्रोतको पूर्णरूपमा व्यवस्थापन, नियन्त्रण र उपयोग गर्ने एवं वन उद्यम विकास गर्ने र त्यस्तो निर्णय लिने र सोको जानकारी स्थानिय सरकारलाई गराउनु पर्ने।

न) वनको भौगोलीक बनौट, भिरालोपन र माटोको किसिम अनुसार वनकार्ययोजनामा तोकिए बमोजिम वन सम्वर्धन (गोडमेल, हाँगा काँटछाँट, झाडी सफाइ, पतल्याउने र रुख कटान आदि) पद्धतिअपनाई वन विकास र संरक्षण गर्ने,

प) लक्षित वनको दिगो व्यवस्थापनबाट उपलब्ध हुने जलाधार एवं जैविक विविधता संरक्षण, भुदृश्य-सौन्दर्य तथा कार्वन-संचिति जस्ता वातावरणीय सेवाहरूको संभावनाको खोजी गरी वातावरणीय सेवा सुविधाको उपयोग गरेर आय-आर्जनको अवधारणालाई अगाडि बढाउने,

फ) कार्बन सञ्चिती, जैविक विविधताको संरक्षण, जलचक्र प्रणाली, पर्यटन जस्ता वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने वातावरणीय सेवाबाट लाभ प्राप्त गर्ने ।

ब) स्थानिय सरकारले लक्षित वन क्षेत्रमा रहेको खानेपानीको मुहान, खानी, सिंचाई गर्ने खोला वा ताल वा पोखरी आदिको मुहान, ढुङ्गा, रोडा, बालुवा, माटो लगायतका प्राकृतिक श्रोत साधनको बिक्रि वितरण, उपयोग, उपभोग, श्रोत प्रयोग वापत कानुन बमोजिम रोयल्टी प्राप्त गर्ने र सो रोयल्टीको कम्तीमा १० प्रतिशत रकम स्थानिय सरकारले सोही समूकद्वार संरक्षित वनाको हितमा खर्च गर्नु पर्ने छ ।

**५. नगरवासीले लक्षित वन उपभोक्ता समुहसँग सहकार्य गरी प्रत्येक घरधुरी मार्फत व्यक्तिगत रूपमा देहाय बमोजिमका वन सम्बन्धी अधिकारहरू प्राप्त गर्नेछन ।**

१)

क) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधनको विकास, संरक्षण, उपयोग र व्यवस्थापन गर्ने कार्यमा सहभागि हुने,

ख) वनक्षेत्रमा रहेको प्राकृतिक श्रोत साधन र वनपैदावारहरू तोकिए बमोजिम प्राप्त गर्ने,

ग) लक्षित वन उपभोक्ता समुहमा सहभागी हुने र नेतृत्व लिने एवं निर्णय प्रकृयामा भाग लिने,

घ) लक्षित वन उपभोक्ता समूहका वनबाट प्राप्त लाभको हिस्सा लक्ष्य अनुसार प्राप्त गर्ने,

ङ) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको संरक्षण, उपभोग र व्यवस्थापनमा भाग लिने,

२) उपदफा (१) मा उल्लेखित अधिकारको अतिरिक्त वनउपभोक्ता समुह भित्रका आर्थिक सामाजिक दृष्टिले पछाडि परेका महिला, आदिवासी जनजाति, सिमान्तकृत, दलित समुदायले लक्षित वन उपभोक्ता समूहको वनबाट देहायका थप अधिकारहरू प्राप्त गर्नेछन ।

क) कुनै विशिष्ट जाती वा समुदायसंग मात्र सम्बन्धित वा त्यस्तो समुदायको परम्परागत ज्ञान, सीप, पेशा र जीविकोपार्जनको सीपसंग सम्बन्धीत प्राकृतिक श्रोत साधन वा वनपैदवारहरू माथि प्राथमिकता प्राप्त गर्ने,

ख) लक्षित वन उपभोक्ता समितिका वनको संरक्षण र उपभोग गरि परम्परागत ज्ञान, सीप, पेशा र जीवनशैलीको अभ्यास र निरन्तरता दिने,

ग) परम्परागत औषधी उपचार (आम्ची) पद्धति लगायत परम्परागत ज्ञान, सीप लगायतका बौद्धिक सम्पत्तिको संरक्षण र निरन्तरता दिने,

घ) वनक्षेत्र भित्र प्रचलित कानूनबाट निषेध नगरिएका परम्परागत ज्ञान,सीप, पेशा र जीवनशैलीसंग सम्बन्धीत अभ्यासहरूको निरन्तरता दिने ।

ङ) वनको संरक्षण र व्यवस्थापनमा स्थानीय आदिवासी जनजातिको परम्परागत अभ्यास र प्रथाजनित कानूनको सम्मान प्राप्त गर्ने ।

३) वन संरक्षण तथा व्यवस्थापनमा नियमित रूपमा सहभागी हुन नसक्ने टाढाँका उपभोक्ताहरूलाई उनीहरूले वन संरक्षणमा पुर्याउने योगदान र वनश्रोतको उपयोगको आधारमा वर्गीकरण गरी लक्षित उपभोक्ता वनबाट देहाय बमोजिमका अधिकारहरू प्रात हुनेछन् ।

क) वनबाट वनपैदावार सहुलियत दरमा प्राप्त गर्ने,

ख) वनबाट प्राप्त लाभ नियमावलीमा तोकिए बमोजिम प्राप्त गर्ने ।

ग) वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको उपभोग गर्न पाउने,

४) उपदफा (१), (२), (३) को अतिरिक्त स्थानीय परिवेश अनुसार कुनै बिशिष्ट अधिकार कुनै बिशेष समुदाय, बर्ग वा जातिलाई दिनुपर्ने देखिएमा त्यस्तो अधिकारको सूचि स्थानिय सरकारको सिफारिसमा वन उपभोक्ता समूहको आमभेलाबाट पारित गरि स्थानीय सरकार समक्ष जानकारी गराई सेवा प्रदान गर्ने ।

५) वनमा आधारित उद्यम विकासः—

१) लक्षित वन उपभोक्ता वनश्रोतको प्रयोग गरी लक्ष्य प्राप्तीको उद्देश्यले वनपैदावारमा आधारित उद्योगहरू लक्षित वन उपभोक्ता समुह आफैले वा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार वा निजी क्षेत्रसंग सम्झौता गरी वा तेस्रो पक्षसंग सम्झौता गरी व्यवसायिक रूपमा संचालन गर्न सक्नेछ । सो कार्य गर्नु पुर्व स्थानिय सरकारको सहमती लिनुपर्ने छ ।

२) उपदफा (१) बमोजिमको वनमा आधारित उद्योगले सामुदायिक वा निजी वन क्षेत्रको काठजन्य, पानीजन्य वा गैरकाठजन्य, जडिबुटीजन्य, चिडियाखाना, वन्यजन्तुको पालन, लगायत

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३
भरत कुमार थापा प्रमुख

अन्य वनपैदावार वा वन्यजन्तुमा आधारित उत्पादनहरू व्यावसायीक रूपमा गर्ने र त्यस्तो उत्पादन बिक्रिबितरण गर्न संघिय कानून र प्रादेशीक कानूनको अधिनमा रही स्थानिय सरकारको सिफारिसमा गर्न सक्नेछ ।

६) उपदफा (१) र (२) बमोजिम तेस्रोपक्षलाई सामुदायिक उद्योग संचालन गर्नको लागि अनुमति दिँदा प्रतिस्पर्धात्मक आधारमा समुदायले प्रत्यक्षरूपमा लाभ प्राप्त गर्ने गरी दिनु पर्नेछ । यसरी उद्यम संचालन गर्नको लागि तेस्रोपक्ष छनोट गर्दा समूह भित्रकै व्यक्ति, कम्पनी वा संस्थालाई उच्च प्राथमिकता दिनु पर्नेछ । सो गर्नु पुर्व स्थानिय सरकारको सिफारिस लिनु पर्ने छ ।

६. लक्षित वन उपभोक्ता वनमा उपभोक्ता समुहको उत्तरदायित्वः—

१) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि वन श्रोतको वातावरणीय रूपमा दिगो व्यवस्थापन गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।

२) यस ऐन, नियमावली र सम्बन्धित तहबाट जारी गरेको निर्देशिकाको अधिनमा रहि वन व्यवस्थापन कार्ययोजना बनाउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ ।

३) वन व्यवस्थापनमा स्थानीय समुदाय वा लक्षित समूहको पूर्ण रूपमा सहभागिता गराउने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।

४) वनश्रोतको पारदर्शी, उत्तरदायी ढंगले व्यवस्थापन गर्न सुनिश्चित गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।

५) वन व्यवस्थापन कार्ययोजना अनुरुप लक्षित वनश्रोतको प्रभावकारी रूपमा उद्देश्य अनुसार व्यवस्थापन भए नभएको सन्दर्भमा स्थानीय सरकारमा तोकिए बमोजिम आवधिक प्रतिवेदन पेश गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।

६) लक्षित समूहबाट व्यवस्थापन गरिएको लक्षित वनश्रोतको आय स्थानिय सरकार संचालन ऐन २०७४ ले तोके बमोजिम स्थानिय सरकारमा जम्मा गरी बाँकी अन्य लाभबाट सम्बन्धित वन उपभोक्ता समुहको साधारण सभा र साधारणसभाले कार्यसमितिलाई तोके बमोजिम समुदायको विकासमा योगदान गरेको छ भन्ने सुनिश्चितता दिने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।

७) दिगो वन व्यवस्थापन गरी वनपैदावारको उत्पादनमा वृद्धि ल्याउन चरिचरन, आगलागी, चोरी कटानी, अतिक्रमण आदिबाट वनलाई जोगाई लक्षित वन संरक्षण गर्ने उत्तरदायित्व उपभोक्ता समुहको हुनेछ।

८) ऐन कानून बमोजिम वनक्षेत्रको झाडी सफाई र खाली ठाउँमा वृक्षारोपण गर्ने, प्राकृतिक पुनरुत्पादनको व्यवस्थापन गर्ने, उपयुक्त वन सम्बधर्न प्रणाली (एक्ल्याउने, बाक्लो वन

भरत कुमार थापा
प्रमुख

कौशल्या, सर्लाही
नगर कार्यपालिकाको कार्यालय

पत्ल्याउने, रोग लागेका तथा सुकेका रुखहरू हटाउने जस्ता कार्यगरी बनको हैसियतमा सुधार्दै लैजाने जस्ता वन संबद्धन गर्ने उत्तरदायित्वउपभोक्ता समुहको हुनेछ ।

**७. वनबाट प्राप्त लाभको बाँडफाड सम्बन्धी व्यवस्था:—**

१) लक्षित वन उपभोक्ता समितिका वनबाट प्राप्त वन पैदावार उपयोग तथा विक्री वितरणबाट प्राप्त लाभको बाँडफाड देहाय बमोजिम गरिनेछ।

क) विभिन्न उपभोक्ता समितिका वनको वन पैदावार बिक्री वितरण तथा वनश्रोतबाट प्राप्त रकम स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय सरकारमा बुझाउनु पर्ने छ र बाँकी प्रचलित ऐन कानून बमोजिम लक्षित वन उपभोक्ता समूहको साधारण सभाले तोके बमोजिम उद्देश्य अनुरुप बाँडफाँड गर्नेछ,

ख) लाभको बाँडफाड गर्दा स्थानिय सरकारलाई बुझाउनु पर्ने रकम बुझाई बाँकी रकमलाई १०० प्रतिशत मानी २५ प्रतिशत वन संरक्षणमा खर्च गरी वाकी रहेको रकम मध्यवाट ५० प्रतिशत विपन्न वर्ग, उद्यम विकास र महिला शसक्तिकरण र ५० प्रतिशत वन उपभोक्ता समितिको उद्देश्य अनुसार सस्थागत विकासमा खर्च गरिने छ ।

**८. दफा १(ग) बमोजिम वनको स्वामित्व खोस्न नसक्ने:**

१) संघिय, प्रदेशिक कानून बमोजिम समुदायले प्राप्त गरेका दफा १(ग) बमोजिम वन र त्यस्तो वनक्षेत्रको स्वामित्व फिर्ता लिने र वन उपभोक्ता समूहको दर्ता खारेज गर्न सक्ने छैन । तर, देहायको कार्य गरेमा वन उपभोक्ता समुहलाई सचेत बनाई त्यस्तो कार्य नगर्न नगराउन यथास्थितिमा राखी स्थानीय सरकारले आवश्यक निर्देशन दिने र आवश्यक कारबाही गर्न, सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

क) वन उपभोक्ता समूहले प्रचलित कानूनको बर्खिलाप हुने काम गरेमा,

ख) वन उपभोक्ता समुहले वन व्यस्थापन कार्य योजना बमोजिम कार्य सञ्चालन गर्न नसकेमा,

ग) उपभोक्ता समूह अन्तर्गतका वनको उद्देश्य प्रति उदासिन रहने वा वन संरक्षणमा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गरेमा,

घ) यस ऐन अनुसार कार्य नगरेमा,

२) उपदफा (१) बमोजिम वन उपभोक्ता समूहलाई सचेत गराउने लगायतका आवश्यक कारबाही गर्दा सफाई पेश गर्ने उचित मौका दिइनेछ ।

३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि वन उपभोक्ता समूहका पदाधिकारी, सदस्य वा कुनै व्यक्तिले समुदायको हितको नाममा वा उपभोक्ता समूहको उद्देश्यको नाममा

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३

भरत कुमार थापा प्रमुख

वन उपभोक्ता समुहको विधान, कार्ययोजना र उपभोक्ता समूहको उद्देश्य बिपरित कुनै काम कारबाही गरेमा त्यस्तो पदाधिकारी, सदस्य वा व्यक्तिलाई उपभोक्ता समुहको विधान, कार्ययोजना र नीति नियम अनुसार कारबाही गर्न स्थानिय सरकारले आवस्यक निकाय समक्ष सिफारिस गर्नेछ।

९. **सहभागिता र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः**

१) जल, जंगल र जमिन लगायतका प्राकृतिक श्रोत र साधनसँग सम्वन्धित स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित यस ऐन बमोजिमको अधिकार वा वन सम्बन्धी उनीहरूको परम्परागत ज्ञान, सीप र जीवनशैलीमा प्रभावित पार्ने स्थानीय रूपमा स्थानीय नीति नियम, कार्यक्रमहरू तर्जुमा गर्दा त्यस्तो समुदायलाई अनिवार्य रूपमा सहभागि वा प्रतिनिधित्व गराईने छ ।

२) समुदायमा आधारित वनको स्थानीय तहको उपभोक्ता समितिहरूमा महिला, आदिवासी जनजाति, दलित, अल्पसंख्यक, मधेशी, सीमान्तकृत समुदायकोसमावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गर्न पाउने अधिकार हुनेछ । यसरी प्रतिनिधित्व गराउदा निर्णायक तह (पदाधिकारी) लगायतमा कम्तिमा ५० प्रतिशत महिलाको प्रतिनिधित्वको सुनिश्चित गर्नु पर्ने छ ।

३) उपदफा २ बमोजिमको समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता तुल्याउदा समेत लक्षित समूह, समुदायको गरिब, बिपन्न, दलित वा अल्पसख्यक समुदायको उचित प्रतिनिधित्व हुन नसकेमा स्थानीय समुदायको आवश्यकताका आधारमा त्यस्तो समुदायलाई बिशेष संरक्षण सहितको प्रतिनिधित्वको व्यवस्था गर्न सक्ने छ ।

१०. **वन उपभोक्ता समूहलाई प्राथमिकता दिनु पर्नेः**

१) लक्षित समूह वनको रूपमा उपभोक्ता समूहलाई स्वामित्व दिई सुम्पन उपयुक्त हुने राष्ट्रिय वनको कुनै पनि भागलाई कबुलियती वन लगायत अन्य प्रयोजनको लागि प्रयोग गर्न दिइने छैन ।

२) सामुदायिक वन, धार्मिक वन, शहरी वन, साझेदारी वन, कबुलियत वन लगायत प्रथाजनित व्यवस्थित वन क्षेत्रलाई प्राथमिकता प्राप्त क्षेत्रको रूपमा राखेकोले, सोही अनुरुप स्थानिय सरकारको प्राथमिकता प्राप्त क्षेत्र हुने।

११. **राष्ट्रिय वनमा प्राप्त हुने सामुदायिक अधिकारः**

१) राष्ट्रिय वन र सिमसार क्षेत्र लगायत नेपाल सरकार र प्रदेश सरकारको संरक्षण र व्यवस्थापनमा रहेका राष्ट्रिय वनमा त्यस्तो वन क्षेत्रसंग सिमाना जोडिएको वा त्यस्तो वन

भरत कुमार थापा
प्रमुख

क्षेत्रको आसपासमा बसोबास गर्ने समुदायले देहायको अधिकारहरू निर्वाध रूपमा उपभोग गर्न पाउँने छन्।

क) परम्परागत रूपमा सार्वजनिक बाटोको रूपमा उपभोग गर्दै आईरहेको राष्ट्रिय वनक्षेत्र भित्र पर्ने बाटोमा आवत जावत गर्ने,

ख) पानीको मुहानहरूको निर्वाध रूपमा निरन्तर उपभोग गर्ने,

ग) परम्परागत रूपमा वनपैदावारको श्रोतको रूपमा उपभोग गर्दै आईरहेको वनक्षेत्र भित्रबाट वनको हैसियत नबिग्रने गरी संरक्षण र व्यवस्थापन समेत गरी त्यस्तो वनक्षेत्रबाट वन पैदवार निर्वाधरूपमा प्रयोग गर्ने र त्यस्तो वन पैदावारको कानून बमोजिम उपभोक्ता समूहको लक्ष्य प्राप्तीको निम्ती बिक्रि बितरणबाट लाभ प्राप्त गर्ने,

घ) परम्परागत रूपमा चरिचरण, गर्दै आईरहेको क्षेत्रमा वनको हैसियत नबिग्रने गरी चरिचरण रूपमा उपभोग गर्ने,

ङ) राष्ट्रिय वन क्षेत्रभित्र रहेको ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूमा निर्वाध रूपमा आवतजावत गर्ने, त्यस्तो स्थलको संरक्षण, व्यवस्थापन, सदुपयोग र नियन्त्रणमा स्थानिय सरकारलाई सहयोग पुर्याउने,

च) राष्ट्रिय वन क्षेत्रभित्रका वन्यजन्तुले मानवीय, घरपालुवा जनावार र स्थानीय समुदायको वालिनालीमा क्षति पुऱ्याएमा त्यस्तो क्षतिको मनासिब माफिकको क्षतिपूर्ति स्थानीय सरकारले सम्बन्धित निकायबाट भराउने व्यवस्था गर्नुको साथै वनमा लागेको आगलागि नियन्त्रण गर्दा वा वन व्यवस्थापन गर्दा दुर्घटना भएमा सम्वन्धित समुह र कर्मचारी वा व्यवस्थापन जिम्मा पाएकाहरुलाई उचित राहातको व्यवस्था गरिने छ ।

छ) राष्ट्रिय वनमा कार्बनको संचितिकरण र भण्डारण गरे बापतको लाभ प्राप्त गर्ने र त्यस्तो लाभ सामुदायिक हितमा प्रयोग गर्ने,

ज) सिमसार क्षेत्र र राष्ट्रिय वनको व्यवस्थापनमा प्रत्यक्ष रूपमा प्रत्येक उपभोक्ता समूह सहभागी भई स्थानिय सरकालाई मद्दत पुर्याउने,

२) उपदफा (१) को खण्ड (क),(ख),(ग) र (घ) मा उल्लेखित स्थानीय्र समुदायको परम्परागत भोगमा रहेको बाटो, पानीको मुहान, वनपैदावार, चरिचरणका लागि उपभोग गर्दै आईरहेको वनक्षेत्र वा श्रोतको सार्वजनिक हितको लागि प्रयोग गर्नु पर्ने देखिएमा स्थानीय सरकारले स्थानीय समुदायको पूर्व सुसुचित गरी गराई कानून बमोजिम त्यस्तो वनक्षेत्र सार्बजनिक हितको लागि प्रयोग गर्न सक्नेछ ।

भरत कुमार थापा
प्रमुख

३) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूलाई उपदफा (२) बमोजिम प्रयोग गर्दा स्थानीय समुदायलाई आवश्यक पर्ने त्यस्तो सार्बजनिक बाटो वा प्राकृतिक श्रोत साधनको वैकल्पिक व्यवस्था स्थानीय सरकारले तत्काल मिलाउनु पर्नेछ । यसरी सार्वजनिक बाटो मर्मत संभार र स्तर उन्नति गर्दा प्राप्त हुने वन पैदावर सम्वन्धित कानून बमोजिम हुनेछ ।

४) उपदफा (१) बमोजिमको समुदायको परम्परागत भोग चलनमा रहेको बाटो, प्राकृतिक श्रोत साधन, ऐतिहासिक, सांस्कृतिक र धार्मिकस्थल र सम्पदाहरूको उपदफा(२) बमोजिम अन्य कार्यमा प्रयोग गर्दा सम्बन्धित समुदायलाई पुग्न गएको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, भावनात्मक क्षति समेतलाई मध्यनजर राखी सम्बन्धित समुदायलाई स्थानीय सरकारले सम्बन्धित निकायबाट उचित क्षतिपूर्ति दिलाउनु पर्नेछ ।

## परिच्छेद— ३

## वन उपभोक्ता समूहको वन दर्ता तथा हस्तान्तरण

१५.

१) साविकमा दर्ता तथा हस्तान्तरण भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु यसै ऐन द्वारा स्थानिय वन ऐनको व्यवस्था बमोजिम पुनः दर्ता हुनु पर्ने छ ।

२) दर्ता तथा हस्तान्तरण नभएका वन क्षेत्रलाई सामुदायिक वन उपभोक्ता समूहहरु, कवुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वन, पारीवारीक नीजि वनहरु दर्ता तथा हस्तान्तरण गरी यसै ऐन द्वारा सन्चालन तथा व्यवस्थापन हुनेछन । सो कार्यलाई बर्खिलाप गरी कसैले गरे गरए संघिय कानून र प्रादेशिक कानूंको अधिनमा रही नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद-४

## उपभोक्ता समूह वन सम्वन्धी व्यवस्था

१६. वन सुम्पने:

१) यस ऐनको अधिनमा रही स्थानिय सरकारको सिफारिस लिई उपभोक्ता समूहले कार्ययोजना वमोजिमको संरक्षण सम्बर्धन उपयोग व्यवस्थापन गर्न तथा स्वतन्त्ररुपले वन पैदावारको

भरत कुमार थापा
प्रमुख

भरत कुमार थापा
प्रमुख

मुल्य निर्धारण गर्ने गरी प्रचलित कानून बमोजिम विक्री वितरण गर्न पाउने गरी स्थानीय सरकारले राष्ट्रिय वनको कुनै सामुदायिक वन उपभोक्ता समूहलाई हस्तान्तरणको प्रमाण पत्र दिनेछ ।

२) उपदफा १ को प्रयोजनको लागि स्थानीय सरकारले उपभोक्ता समूह परिचालन गरी तोकिए बमोजिमको उपभोक्ता समूह गठन र कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ ।

**१४. कार्ययोजना संशोधन:**

१) उपभोक्ता समूहले स्थानिय सरकारको अनुमती लिई वन व्यवस्थापन सम्बन्धी कार्ययोजना आवश्यकता अनुसार समायनुकुल परिमार्जन गर्न सक्ने छ ।

२) उपदफा (१) बमोजिम उपभोक्ता समूहले कार्ययोजनामा गरेको परिमार्जन वातावरणमा उल्येख्यनीय प्रतिकुल असर पर्ने देखिएमा स्थानीय सरकारले यस्तो परिमार्जनको जानकारी प्राप्त भएको ३० दिन भित्र सो परिमार्जन लागु नगर्न निर्देशन दिनेछ । लक्षित वन उपभोक्ता समुहले आफनो कार्ययोजना स्थानिय सरकारलाइ जानकारी गराएको ३० दिन भित्र स्थानिय सरकारबाट कुनै जानकारी नभएमा समुहले स्वत कार्यन्वयन गर्न सक्ने छ ।

**१५. वन समूहको दर्ता:**

१) उपभोक्ता समूहलाई दर्ता गराउन उपभोक्ताको विधान सहित स्थानीय सरकार समक्ष पेश गर्ने।

२) उपदफा (१) बमोजिमको दर्खास्त पर्न आएमा स्थानीय सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो उपभोक्ता समूहलाई तोकिए बमोजिम दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

३) हाल वन ऐन २०४९ अनुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरु, कबुलियति वन उपभोक्ता समूहहरु, धार्मिक वनहरु लगायतका वन समूहहरु १ बर्ष भित्र स्थानीय सरकारमा दर्ता गर्नु पर्नेछ । त्यस्ता समूहलाई स्थानीय सरकारले प्राविधिक तथा आर्थिक सहयोग गर्नुपर्नेछ । सो कार्य नगर्ने नगराउने समूहहरुलाई प्रचलित ऐन कानूनको अधिनमा रही नगरपालिकाले तोकिए बमोजिम सजाय हुनेछ।

**१६. उपभोक्ता समूह संगठित संस्था रहने:**

दर्ता भएका लक्षित वन उपभोक्ता समूहहरु अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछन्।

भरत कुमार थापा
प्रमुख

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३
भरत कुमार थापा
प्रमुख

१) समूहको छुट्टै छाप हुनेछ ।

२) समूहको आफ्नौ टाँचा हुनेछ ।

३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ती प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य किसिमको बन्दोवस्त गर्न पाउनेछ ।

४) उपभोक्ता समूहले व्यक्ति सरह नालिस उजुर गर्न र सो उपर पनि सोही नाम बाट नालिस उजुर गर्न सक्नेछ ।

**१७. प्रतिवेदन दिनुपर्नेः**

१) वन उपभोक्ता समूह, कवुलियति वन उपभोक्ता समूह, धार्मिक वन लगायतले प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र तोकिए बमोजिम आर्थिक विवरण, शुल्क सहित तथा वनको स्थिति समेत खुलाई आफ्नो क्रियाकलापको बार्षिक तथा प्रगति प्रतिवेदन स्थानीय सरकारमा पेश गर्नुपर्नेछ । सो कार्य नगर्ने समूहलाई वन पैदावरको सिफारिस नगरले दिनेछैन। सिफारिस नलिई वन पैदावर गरेमा संघिय कानून, प्रादेशिक कानूनको अधिनमा रही नगरले तोकिए बमोजिम सजाय गरिने छ।

**१८. उपभोक्ता समूहको कोषः**

१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ । कोषमा देहायका रकम जम्मा हुनेछ ।

क) संघिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट प्राप्त हुने अनुदान रकम

ख) कुनै व्यक्ति वन संस्थाबाट प्राप्त अनुदान, साहायता वा दान दातव्य रकम

ग) वन पैदावार (जैविकविविधता) को विक्रिवितरण वाट प्रप्त रकम

घ) उद्योग तथा पर्यपर्यटन सन्चालनवाट प्राप्त रकम

ङ) जरिवानाबाट प्राप्त

च) कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम

उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ । कोष संचालन तोकिए बमोजिम हुनेछ ।

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३
भरत कुमार थापा
प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३
भरत कुमार थापा
प्रमुख

## परिच्छेद-५

## वन अधिकार संरक्षण सम्बन्धी व्यवस्था

**१९. वन परिषद्को गठनः**

१) वन अधिकार प्राप्त गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा अधिकारवाला समुदायको हक हितका सम्बन्धमा स्थानीय सरकारलाई सुझाब दिनको लागि स्थानीय स्तरमा एक वन परिषद गठन हुनेछ ।

२) उपदफा (१) बमोजिमको परिषद देहाय बमोजिमका अध्यक्ष तथा पदाधिकारीहरू रहने छन्:

क) स्थानीय सरकार प्रमुख — अध्यक्ष

ख) वन तथा वातावरण समितिको प्रतिनिधि — सदस्य १ जना

ग) नगरसभाको प्रतिनिधि — सदस्य २ जना

घ) सामुदायिक वन उपभोक्ता महासंघको प्रतिनिधि— सदस्य २ जना

ङ) आदिवासी जनजाति महासंघको प्रतिनिधि— सदस्य १ जना

च) दलित अधिकारको क्षेत्रमा काम गर्ने — सदस्य १ जना

छ) पारिवारिक निजीवनको प्रतिनिधि—सदस्य १ जना

ज) व्यावसायिक संस्थाका प्रतिनिधि — सदस्य १ जना

झ) वन अधिकार, वातावरण संरक्षण र वन उपभोक्ताको हकहितसँग सम्बन्धित क्षेत्रमा काम गरेको व्यक्ति मध्येबाट स्थानीय सरकारले मनोनीत गरेको न्यूनतम ३ महिला सहित प्रतिनिधि— सदस्य ५ जना

ञ) नगर प्रमुखले तोकेको वा वन वातावरण शाखाको प्रमुख — सदस्य सचिव

तर, स्थानीय सरकारले मनोनित गर्दा उपदफा (२) को विभिन्न खण्डहरूबाट प्रतिनिधित्व हुन नसकेका जाति वा समुदायको प्रतिनिधित्व हुने गरी मनोनीत गर्नुपर्नेछ ।दफा १३ उपदफा (२) बमोजिम गठन हुने वन परिषदमा महिलाको सहभागिता न्यूनतम ५० प्रतिशत अनिवार्य गराउनु पर्नेछ ।

३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ र निजहरू एक अवधिको लागि पुनः मनोनीत हुन सक्नेछन्।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३
भरत कुमार थापा
प्रमुख

४) परिषद्ले परिषद्को काम कार्बाहिलाई ब्यवस्थित गर्ने प्रयोजनको लागि स्नातक उपाधि हासिल गरी वन, वातावरण वा कानूनको क्षेत्रमा कम्तीमा १० बर्षको अनुभव प्राप्त व्यक्तिलाई सदस्य सचिवको रूपमा नियुक्त गर्नेछ । सदस्य सचिवको कार्यअवधि ४ बर्षको हुनेछ । सदस्य सचिवको काम कर्तव्य र अधिकार नियमावली र निर्देशिकामा तोकिए बमोजिम हुनेछ।

५) परिषद्का पदाधिकारीहरु र कर्मचारीले स्थानीय सरकारले तोकिदिए बमोजिमको सुविधा र तलव भत्ता पाउनेछन् ।

२०. परिषद्को काम, कर्तव्य र अधिकारः

१) परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

क) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धी विषयमा स्थानिय सरकारलाई सुझाव दिने ।

ख) वन र वनक्षेत्रमा रहेको प्राकृतिक स्रोत साधन (जल, जमिन, जंगल, वन्यजन्तु, खनिज, जैविक विविधता आदि) को परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेका उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा जानकारी गराउन कार्यक्रम र सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने।

ग) नगरवासीको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारको सम्बन्धमा सूचित गर्ने, गराउने ।

घ) वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

ङ) नगरवासीको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा स्थानीय सरकारलाई सुझाव दिने ।

नगर कार्यपालिकाको कार्यालय
कमैया, सर्लाही
२ नं प्रदेश, नेपाल
२०७३

भरत कुमार थापा
प्रमुख

च) नगरवासीको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी हकहित र अधिकार संरक्षण सम्बन्धी स्थानीय, प्रादेशिक, संघीय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राखे तथा राख्न लगाउने ।

छ) स्थानीय समुदाय, नगरवासी, आदिवासी, जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभको बाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकारहरूको अनुगमन गर्ने गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न स्थानीय सरकारलाई सुझाब दिने ।

ज) स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, तथा उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायको वनमाथिको पहुँच, स्वामित्व, प्रतिनिधित्व, लाभकोबाँडफाड समेतमा अग्राधिकार सहितको वनसम्बन्धी अधिकार संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेको अन्य काम गर्ने, गराउने ।

झ) परम्परागत रुपमा संरक्षण, संवद्र्धन र सदुपयोग गर्दै आएका स्थानीय समुदायको वन प्रयोगको अधिकारलाई राजनीतिक सिमाले वन्देज गर्ने छैन, यदि कुनै अवरोध सृजना भएमा आवश्यक समन्वय गरेर समाधान गर्ने ।

ञ) सामुदायिक वनहरु बीच समन्वय गरेर स्थानीय आपूर्ति, प्राकृतिक प्रकोपलाई सर्वसुलभ वनाउनका लागि डिपो स्थापना गर्ने ।

ट) अन्तर स्थानीय सरकारकाबीच वन पैदावार आपूर्ति व्यवस्था मिलाउनका लागि समन्वय गर्ने ।

ठ) समुदायद्धारा संचालित कार्यक्रमहरु अनुगमन निरिक्षण तथा पृष्ठपोषण गर्ने

ड) समुदायको आन्तरीक सुसास्नको लागी आवस्यक सरसल्लाह, सुझाव र सहयोग गर्ने

ढ) जैविकविविधताको अभिलेखिकरण गर्ने, अध्ययन अनुसन्धान गर्ने, संरक्षण तथा व्यवस्थापन गर्ने।

(२) दफा २० को उपदफा (१) बमोजिम काम काज गर्न बाध्य पुर्याउने समूह वा व्यक्तीलाई अवस्था हेरी रु. १,५०,०००।-(अक्षेरुपी एक लाख पचास हजार) सम्म जरिवाना गर्ने र कानून बमोजिम थप कारवाही गर्नु पर्ने भएमा सम्बन्धित निकायलाई जानकारी गराउने।

**११. परिषदको बैठक सम्बन्धी कार्यविधि:**

१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

बागमती नगरपालिका नगर कार्यपालिकाको कार्यालय कर्मैया, सर्लाही २ नं. प्रदेश, नेपाल २०७३
भरत कुमार थापा
प्रमुख

२) परिषद्को सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

३) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरू मध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

४) परिषद्को निर्णय परिषद्को अध्यक्षद्वारा प्रमाणित गरिनेछ ।

५) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. जाँचबुझ र निरीक्षण गर्न सक्ने:**

१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, नीजि वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन बिपरित हुनेगरी समुदायको वन अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरी रहेको वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा वनअधिकार संरक्षण परिषद आफै वा परिषदले तोकेको प्रतिनिधिले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट वन अधिकारको हनन् सम्बन्धी दोषी देखिएका व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायतका व्यक्ति वा संस्थालाई अवस्था हेरी रु. ७५,०००।-(पचहत्तर हजार) सम्म जरिवाना गर्ने र प्रचलित कानून बमोजिम आवश्यक कारबाही गर्नको लागि परिषदले स्थानीय सरकारलाई सिफारिस गर्न सक्नेछ,

**२३. वन अधिकारमा प्रतिकूल प्रभाव पार्न नहुने:**

१) कुनै व्यक्ति, वन उपभोक्ता समुह, संगठित संस्था, सरकार, सरकारी तह, निजी वा साझेदारी कम्पनी लगायत कसैले पनि यस ऐन विपरित हुनेगरी वन उपभोक्ता वा वन उपभोक्ता समुहको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्न हुदैन । तर, राष्ट्रिय हित आम सार्वजनिक हितको लागि कानून बमोजिम वन उपभोक्ता समुह वा सम्बन्धित व्यक्ती समुदायको स्वतन्त्र, पूर्व सू-सुचित गरी नेपाल सरकार वा सम्बन्धित तहको निर्णयले असल मनसायले गरेको कार्यलाई वन अधिकारको प्रतिकूल मानिने छैन ।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३
भरत कुमार थापा
प्रमुख

## परिच्छेद-६

## कसूर र सजाय सम्बन्धी व्यवस्था

**२४. दण्ड सजायः**

देहायको काम कारबाही गर्ने गराउनेलाई कसुरको मात्रा हेरी देहाय बमोजिम सजाय हुनेछः—

१) वन ऐन बमोजिम जिल्ला वन कार्यालयले तथा सम्बन्धित जिल्ला अदालतले सजाय तोकिने बाहेकका दण्ड सजायहरु

२) दफा ४ को उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो जफत गरी बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर रु. ५०,०००।— (पचास हजार) सम्म जरिवाना हुनेछ ।

३) दफा ५ को उपदफा (२)(३)(४)(५)(६) बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो जफत गरी बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर रु. ३०,०००।—(तिस हजार) सम्म जरिवाना हुनेछ ।

४) दफा ६ बमोजिमको अधिकार प्रयोग गर्न बञ्चित गराउने वा त्यस्तो अधिकार प्रयोग गर्नबाट रोक लगाउने कार्य गर्ने गराउनेलाई विगो खुलेकोमा बिगो जफत गरी बिगो बमोजिम र नखुलेकोमा अवस्था हेरेर रु. २५,०००।— (पच्चिस हजार)सम्म जरिवाना हुनेछ ,

५) दफा ८ बमोजिम वन उपभोक्ता समूहको अनिवार्यरूपमा स्वतन्त्र, पूर्व सू—सुचित गर्नु पर्नेमा नगरी कुनै कार्य गरे गराएबाट त्यस्तो वन उपभोक्ता समुहलाई पर्न गएको क्षतिको बिचार गरी उचित क्षतिपूर्ति सम्बन्धित निकाय वा व्यक्तीबाट भराउनु पर्नेछ र त्यस्तो कार्य गर्ने गराउनेलाई कानून बमोजिमको सजायको लागि सिफारिस गर्नु पर्नेछ ।

६) दफा ९ बमोजिमको अधिकार प्रयोग नगर्न नगराउन वञ्चित गर्नेलाई विगो खुलेको भए विगो जफत गरी विगो बराबर जरिवाना गरीनेछ भने विगो नखुलेको हकमा अवस्था हेरी ३५,०००।-(पैतिस हजार) सम्म जरिवाना गरिनेछ।

**२५. मुद्दा हेर्ने अधिकारः**

१) यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दा गर्नुपर्ने कारण परेको मितिले ६ महिनाभित्रमा मर्का पर्ने पक्षले स्थानीय तहको न्यायीक समिति समक्ष मुद्दा दायर गर्न सक्ने छ ।

२) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले यस ऐन अन्तर्गत कारवाही गर्दा संक्षिप्त कार्यबिधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ।

३) उपदफा (१) बमोजिम स्थानीय सरकारको न्यायीक समितिले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सो निर्णय थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२६. क्षतिपूर्तिको भराउन सक्नेः

१) यस ऐनको विपरीत हुने गरी वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारमा प्रतिकूल प्रभाव पार्ने कार्य गरेको कारणबाट कुनै वन अधिकारवाला समुदाय वा व्यक्तिको वन सम्बन्धी अधिकारको हनन भएकै कारण कुनै पनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो समुदाय वा व्यक्तिले क्षतिपूर्ति भराई पाउँभनी उजुरी गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी वन अधिकार हनन भएको समुदाय वा व्यक्तिलाई हानी नोक्सानी पुग्न गएको देखिएमा हानी नोक्सानीको आधारमा हानी नोक्सानी गर्ने पक्षबाट क्षतिपूर्ति बापतको रकम त्यस्तो समुदाय वा व्यक्तिलाई दिलाउन सक्नेछ । क्षतिपुर्ति निर्धारण संघिय कानून, प्रादेशिक कानूनको अधिनमा रही नगरपालिकाले तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ७

२७.

१) पारिवारिक निजी वनको दर्ताको आवेदन स्थानिय तहको वार्ड कार्यलय मार्फत लिनु पर्ने छ।

२) दर्ता भएका पारिवारिक निजी वनहरु धितो राखेर वैंकवाट रिन लिन सक्ने व्यवस्था गरिनेछ।

३) पारिवारिक निजी वन भित्रको काठ कटानी र ओसार पसार स्थानिय सरकारवाट अनुमती लिएर नेपाल भित्रका कुनै पनि भागमा लगेर विक्रि वितरण गर्न सक्नेछ।

४) पारिवारिक निजी वन किसानहरुलाइ कृषि वन लगाउन थप प्रोत्साहन गरिनेछ ।

५) पाविरिक निजी वनका किसानहरुले वनमा आधारित उद्योगहरु स्थापना गर्न चाहेमा स्थानिय सरकारले अनुमती दिनेछ ।

भरत कुमार थापा
प्रमुख

६) पारिवारिक निजी वन दैविक प्रकोप भएर नष्ट भएमा क्षेती पुर्तीको लागि सौलियत विमामा समन्वयको व्यवस्था गरिनेछ ।

७) परिक्षण गरिएका विरुवाहरु र छिटो छरितो हुर्कने विरुवाहरु वृक्षा रोपण गर्न प्रोत्साहन गर्ने।

८) पारिवारिक तथा निजि वन लगाउने व्यक्ती तथा समूहले नियमावलीमा तोकिएको मापदण्ड भित्र रहेर वृक्षारोपण गर्नु पर्ने छ ।

९) प्रत्येक वर्ष रुखको अवस्था बारे अभिलेखीकारण गराउनु पर्ने छ ।

१०) उपयोग गर्दा वा बिक्री वितरण गर्दा स्थानिय सरकारले तोकिए बमोजिम प्रकृया पुरा गरी उपयोग तथा बिक्री वितरण गर्नु पर्ने छ ।

११) यस दफाको निर्देशन विपरित काम कारवाही गर्ने पारिवारिक वा निजी वन दर्ता गर्ने व्यक्तीहरुलाई विगो खुलेको भए विगो जफत गरी विगो बराबर जरिवान र नखुलेको भए अवस्था हेरी १,००,०००।-(एक लाख) सम्म जरिवाना गरिनेछ। र कानून बमोजिम अन्य निकायद्वारा कारवाही गर्नुपर्ने देखिएमा सो निकायलाई जानकारी गराइनेछ।

१२) उपदफा ८ बमोजिम मापदण्ड विपरित कसैले वृक्षारोपण गरेमा भएको क्षतिको मुल्यांकन गरी पिडीत पक्षलाई क्षतिपुर्ती भराई रुख विरुवा हटाउन लगाइनेछ। निजले तोकिएको समयसिमा भित्र नहटाए नगरले आफै हटाई सोको विगो जफत गरी हटाउने कार्यमा लागेको खर्च समेत सम्बन्धित पक्षसँग असुल उपर गर्नेछ।

## परिच्छेद—८

## पारिवारिक निजी वन सम्वन्धी व्यवस्था:

### २८. पारिवारिक निजी वन दर्ता:

१) पारिवारिक निजी वनको संरक्षण सम्बद्र्धन उपयोग व्यवस्थापन गर्न तथा नगरपालिकाको सिफारिसमा स्वतन्त्ररुपले वन पैदावारको मुल्य निर्धारण गर्ने गरी विक्री कानून बमोजिम वितरण गर्न पाउने गरी स्थानीय सरकारले दर्ता प्रमाण पत्र दिनेछ।

२) पारिवारिक निजी वनलाइ स्थानिय सरकारले आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउने छ।

३) पारिवारिक निजी वन दर्ता भएको जानकारी प्रास भएको १५ दिन भित्र सो को जानकारी दिनेछ।

भरत कुमार थापा
प्रमुख
बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

४) पारिवारिक तथा निजी वन किसानहरुले स्थानिय सरकारले तोकेको निवेदनको ढाँचा सहित स्थानीय सरकार समक्ष निवेदन पेश गर्नेछ।

५) यस ऐन बमोजिम पारिवारीक तथा निजि वन किसानले रुख उपयोग गर्दा वनमा आधारीत उद्योग संचालन गर्दा, बिक्री वितरण गर्दा बागमती नगरपालिका वन नियमावलीमा उल्लेख गरे बमोजिमको शुल्क बुझाउनु पर्ने छ।

६) यस ऐन बमोजिम काठ जन्य, दाउरा जन्य रुख विरुवा रोपी उत्पाद गरी बिक्री वितरण, ओसार पसार, पैदावार गर्ने इच्छुक नगरवासीले आफ्नो निजी जग्गामा भएको रुख विरुवा दर्ता गरी अभिलेखीकरण गराई राख्नु पर्नेछ।

७) अभिलेखिकरण गरी प्रमाण पत्र नलिएको रुख कटान छपान ओसार पसार बिक्री वितरण गर्न स्थानिय सरकारले अनुमती दिने छैन। प्रचलित कानून बमोजिम हुनेछ।

८) यस ऐन प्ररम्भ हुनु पुर्व रोपिएका रुख विरुवा यो ऐन लागु भएको एक वर्ष भित्र अभिलेखिकरण गराई सक्नु पर्ने छ।

९) रुख विरुवा रोप्दा स्थानिय सरकार वन नियमावलीमा उल्लेख गरेको मापदण्डको अधिनमा रही वृक्षारोपन व्यवस्थापन गर्नु पर्ने छ।

१०) संघिय कानून, प्रदेश कानून र स्थानिय ऐन कानूनले वञ्चीत गरेको रुख विरुवा लगाउन, उपयोग गर्न, बिक्री वितरण गर्न पाइने छैन।

११) संघिय कानून, प्रदेश कानून र स्थानिय ऐन कानूनले निश्चित ठाँउमा निश्चित रुख विरुवा लगाउनु भनी निर्देश भएकोमा सोही बमोजिमको रुख विरुवा लगाउनु पर्ने छ ।

१२) यस दफाको निर्देशन विपरित काम कारवाही गर्ने पारिवारिक वा निजी वन दर्ता गर्ने व्यक्तीहरुलाई विगो खुलेको भए विगो जफत गरी विगो बराबर जरिवान र नखुलेको भए अवस्था हेरी ७५,०००।-(पचहत्तर लाख) सम्म जरिवाना गरिनेछ। र कानून बमोजिम अन्य निकायद्वारा कारवाही गर्नुपर्ने देखिएमा सो निकायलाई जानकारी गराइनेछ।

१३) उपदफा ८ बमोजिम मापदण्ड विपरित कसैले वृक्षारोपण गरेमा भएको क्षतिको मुल्यांकन गरी पिडीत पक्षलाई क्षतिपुर्ती भराई रुख विरुवा हटाउन लगाइनेछ। निजले तोकिएको समयसिमा भित्र नहटाए नगरले आफै हटाई सोको विगो जफत गरी हटाउने कार्यमा लागेको खर्च समेत सम्बन्धित पक्षसँग असुल उपर गर्नेछ।

## परिच्छेद - ९
## विविध

**२९. स्थानीय सरकारबाट अनुमति लिनु पर्नेः–**

१) स्थानीय सिफारिस र अनुमति लिई उपभोक्ता समुहले स्थानीय सामुदायिक वनक्षेत्रमा कबुलियत वन, साझेदारी वन, धार्मिक वन, गुठी वन क्षेत्रमा चिडियाखाना, वन्यजन्तुको व्यावसायीक पालन, समुदायको पहुच भन्दा टाढा रहेको वन सामुदायिक संरक्षण क्षेत्र, पर्यापर्यटन कार्यक्रम जस्ता वनमा आधारित उद्यम वा समुदायमा वन पैदावारजन्य उद्योग संचालन गर्ने, उत्पादन गर्ने, उत्पादिन बस्तु वा वनपैदावार निकासी पैठारी गर्ने र सोबाट लाभ प्राप्त गर्न सक्नेछ ।

२) वनपैदावारजन्य उद्योगबाट उत्पादित वनपैदावारको निकासी पैठारी स्थानयि सरकारले तोकेको व्यक्ति वा पदाधिकारीले गर्न सक्नेछ । त्यसरी निकासी पैठारी गर्दा सोको अभिलेखीकरण स्थानीय सरकारमा हुने छ ।

३) वन समुहको दर्ता प्रमाणपत्रका आधारमा सहकारी मार्फत स:मिलका साथैवन पैदावारमा आधारित अन्य उद्यमहरु सञ्चालन सक्नेछन्।

४) स्थानीय सरकारको सिफारिसमा पारिवारिक निजी वन दर्ता, संरक्षण, संवर्धन, व्यवस्थापन र निर्यातको काम गर्न सक्नेछ ।

**३०. अधिकार प्रत्यायोजनः**

स्थानीय सरकारको प्रमुख वा परिषदको अध्यक्षले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार यस ऐन बमोजिम स्थानीय सरकारले तोकेको व्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३१. असल नियतले गरेको कामको बचाउः**

वन उपभोक्ता समिति, निजि वनका व्यवस्थापक वा स्थानीय सरकारको कुनै कर्मचारीले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम आफ्नो कर्तव्यपालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निजलाई व्यक्तिगत रूपले जवाफदेही भई कारवाही गरीने छैन ।

**३२. नियम बनाउन सक्नेः**

यस ऐनको उद्देश्य पूर्तिको लागि बागमती नगरपालिकाले आवश्यक नियमहरू बनाई लागु गर्न सक्नेछ।

३३) प्रचलित कानुन बमोजिम हुने छ ! - यसमा लेखिए जति यस ऐन बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने छ।

३४) कार्यविधि वा निर्देशिका बनाउन सक्ने :- यो ऐन तथा ऐन अन्तरगत बनेका नियमहरु, कार्य-वयन गर्न स्थानिय सरकारले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

भरत कुमार थापा
प्रमुख

भरत कुमार थापा
प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

## अनुसुचीहरु

**1. उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन**

श्री नगर प्रमूख ज्यू,
बागमती नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
कर्मैया, सर्लाही ।

बागमती नगरपालिका वन ऐन,२०७७ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सो को विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक
.........................उपभोक्ता समूहको तर्फबाट

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

भरत कुमार थापा
प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

भरत कुमार थापा
प्रमुख

## २. उपभोक्ता समूह दर्ताको प्रमाण पत्र

बागमती नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
कर्मैया, सर्लाही

दर्ता नं.:

श्री...................... उपभोक्ता समूह,

......................

यस बागमती नगरकार्यपालिकाको मिति ...............................को निर्णय अनुसार बागमती नगरपालिका वन ऐन २०७७ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

उपभोक्ता समूहको विवरण
उपभोक्ता समूह रहेको क्षेत्रफलः
घरधुरी संख्याः
कुल जनसंख्याः

प्रमाण पत्र दिने अधिकारीको
नामः
दर्ताः
दस्तखतः
मितिः

नोटः यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन १०० रुपैया दस्तुर लाग्नेछ ।

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कर्मैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

भरत कुमार थापा
प्रमुख

भरत कुमार थापा
प्रमुख

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

## ३. सामुदायिक वन दर्ताका प्रमाण पत्र

बागमती नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

कमैया, सर्लाही

..............................वन

श्री ............................... उपभोक्ता समूह

.......................................

बागमती नगरपालिका वन ऐन,२०७७ को अधिनमा रही देहायको राष्टिय वन क्षेत्र यसै साथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग र सामुदायिक वनको रुपमा सुम्पिएको छ ।

नामः

चारकिल्लाः

क्षेत्रफलः

प्रमाणपत्र दिने अधिकारीको

नामः

पदः

दस्तखतः

मितिः

बागमती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमैया, सर्लाही
२ नं. प्रदेश, नेपाल
२०७३

भरत कुमार थापा
प्रमुख

भरत कुमार थापा
प्रमुख

४. सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री नगर प्रमूखज्यू,
बागमती नगरपालिका
नगरकार्यपालिकाको कार्यालय,
कर्मैया, सर्लाही

बागमती नगरपालिका वन ऐन,२०७७ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्बद्र्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निदेदन पेश गरेका छौं ।

क. प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना चार किल्ला, क्षेत्रफल, जैविक विविधता

निवेदक

............................ सामुदायिक वनउपभोक्ता समूहको तर्फबाट

क्र.सं. नाम पद दस्तखत

भरत कुमार थापा
प्रमुख